कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस्।)

वर्ष: २६ अंक: १८४ वि.सं. २०८३ असोज ३० शुक्रवार नेपाल संवत: ११४६, असोज शुक्ल षष्ठी Friday 16 October 2026 yugaawhan@gmail.com पृष्ठ: ४ मूल्य: ५ ।-

कर्णालीबासीलाई सताइरहने गगने खोला



◣ ओम शाही

सुर्खेत, २५ असोज ।

सुर्खेतदेखि जुम्लासम्म ट्रयाक जोडिएको दुई दशक भइसक्दा पनि कर्णाली राजमार्गको यात्रा सहज छैन। साँघुरो, भिरालो बाटोमा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता कर्णालीबासीले वर्षौंदेखि झेलिरहेका छन्। त्यसमाथि राजमार्गमा खसिरहने पहिरोले झनै जोखिमको अवस्था छ। राजमार्गको गगने खोला क्षेत्र पहिरोग्रस्त ठाउँकै रूपमा परिचित छ।

कालीकोटको शुभकालिका गाउँपालिका-१ मा पर्ने यो भीर मा सामान्य वर्षामै लेदोसहितको पहिरो खस्छ। कहिले ग्याबिन जाली हाल्ने कहिले पानीको निकास बनाउने काम पनि भयो। तर, कुनै उपाय काम लागेन। पहिरो को समस्या समाधान गर्न सडक डिभिजन जुम्लाले दुई वर्षअघि तीन करोड रूपैयाँ लगानीमा ग्याबिन जाली लगाएको थियो।

पहिरो थेग्न नसक्दा त्यो जाली पनि बगायो। वर्षा सुरु हुनेबित्तिकै पहिरो खस्ने र सडक अवरुद्ध हुने समस्या वर्षौंदेखि दोहोरिँदै आएपनि यसको स्थायी समाधान हुन सकेको छैन। पछिल्लो पटक असोज ९ देखि ११ गतेसम्मको वर्षाले तीन दिन पहिरोले गगने खोलामा आवागमन ठप्प भएको थियो। गगने खोलाको पहिरोले शुभकालिकाका जनप्रतिनिधि पनि आजित छन्। पानी परेपछि जनप्रतिनिधि र सुरक्षाकर्मी गगने खोलामा खटिन्छन्।

आफ्नो आर्थिक सामर्थ्यले भ्याउने अवस्था नभएपछि उनीहरूले प्रदेश, संघ सरकार लाई समस्या नसुनाएका होइनन्। तर, पटकपटक माथिल्लो सर कारलाई ध्यानाकर्षण गराउँदा पनि कुनै समाधान निस्किएको छैन। पहिरोग्रस्त गगने खोला क्षेत्र पर्ने शुभकालिका गाउँपालिका अध्यक्ष गोविन्दप्रसाद आचार्य आफूहरू एक्लैले लगानी गरेर गगने खोला पहिरोको समस्या समाधान गर्न नसक्ने बताउँछन्। आवश्यक बजेट र प्राविधिक प्रयोग गरेर समस्या समाधान गरिदिन उनले संघ सरकारलाई आग्रह गरे।

'बिरामीको उपचार डाक्टरले गर्छ। क्रिटिकल पोइन्टमा अर्थ र भौतिक मन्त्रालयले यति बजेट भए यो समस्या समाधान हुन्छ भनेर त्यो एकैपटक छुट्याउनुपर्‍यो,' उनले कर्णालीबाट सिंहदरबार लाई याचना गरे, 'म संघ सरकार (बालेन सरकार)लाई भन्न चाहन्छु - हाम्रो पीडा बुझ्दिनपर्‍यो। हामी एक्लैले सक्दैनौं।'

करोडौंको स्याउ, जडीबुटी बाटोमै कुहिने, रारा हिँडेका स्वदेशी-विदेशी पर्यटक, चालक र कर्णालीबासी पानी परेपछि बीच बाटोमै अड्किनुपर्ने समस्या रहेको उनको भनाइ छ।

'करोडौंको स्याउ, जडीबुटी त्यहीं सड्छ। स्याउका गाडी ५/७ दिनसम्म त्यहीं रहन्छ भने के हुन्छ ? अर्गानिक स्याउ कुहिएर जान्छ। उपभोग गर्नेलाई असर पर्छ,' उनले भने। पहिरो खस्ने ठाउँमाथी १९ घरपरिवार विस्थापित भइसके को उनले बताए । त्यसैले शुभकालिका-१ लाई विपद्ग्रस्त क्षेत्र नै घोषणा गरिएको अध्यक्ष आचार्यले बताए।

२०४९/५० सालतिर नै सर्खेत र जुम्लालाई जोड्ने गरी ट्रयाक निर्माण थालिएको थियो।

कडा चट्टानी पहाड फोदे २०६३ सालको अन्तिममा जुम्लासम्म यो ट्रयाक जोडिएको थियो। राजमार्ग खोल्दाताका नै जोखिम अनुमान गरेर ट्रयाक परिवर्तन गर्न प्रस्ताव गरिएको अध्यक्ष आचार्य सम्झन्छन्। 'कर्णाली र ाजमार्ग बनेपछि नै प्राविधिक हिसाबले लोकेसन नै परिवर्तन गर्नुपर्छ भनेर पहिल्यै प्रस्ताव राखेका हौं।

रेखांकन र डीपीआर भइसके कोले परिवर्तन गर्न गाह्रो हुन्छ भन्ने कुरा आयो। त्यो भएपछि त्यसलाई नै निरन्तरता दिन लाग्यौं,' उनले सुनाए। उनी आज पनि गगने खोलालाई छलेर कर्णाली र ाजमार्गलाई अन्य ठाउँबाट अघि बढाउनुपर्ने दोहोर्‍याउँछन्।

भोटेकोशी बाढी : दशैँ आयो तर आमाबुवा आउनुभएन

◣युग संवाददाता

बाँके, २५ असोज ।

पछिल्लो केही दिनयता गाँउघरमा दसैंको चहलपहल र उल्लास बढेको छ। प्रत्येक घरआँगन सरसफाइ र रङरोगन गरी चिटिक्क पारिएको छ। वर्षभरि टाढा रहेका आफन्त मान्यजनको हातबाट टीका र जमरा थाप्न गाउँघर फर्किरहेका छन्।

नेपालगञ्ज-२० मनिकापुर थपुवाका १६ वर्षीय सुभास नेपाली, उनका ११ वर्षीय भाइ अश्विन र नौ वर्षीया बहिनी स्मारिकाका लागि भने यस वर्षको दसैँ खुसी होइन आँसु र पिरलो बोकेर आएको छ।

आमाबुवा आराम दमाईं र उजना दमाईं भोटेकोशीको बाढीमा बेपत्ता भएको आज ५० दिन पुगिसकेको छ। सबैका घरमा आमाबुवाको हातबाट टीका लगाउने र मीठोमसिनो खाने चटारो हुँदा ती तीन कलिला बालबालिका भने आमाबुवा फर्किने आशा र निराशामा दिन बिताइरहेका छन्।

"आमाबुवा फर्किएर आउने आशामा बसेको दुई महिना हुन लाग्यो, केही अत्तोपत्तो भएन। दसैँ आयो, आमाबुवा आउनुभएन", जेठा छोरा सुभास भक्कानिँदै भने, "बाढीले आमाबुवालाई बेपत्ता बनाएपछि हामी पूरै सहारावीहीन भयौं। दसैँ आउँदा आमाबुवाको झन धेरै यादले सताइरहेको छ।"

नेपालीको महान् पर्व बडादसैँ घरआँगनमा आइपुगेको छ तर, बाढीमा परी बेपत्ता आराम दमाईं र उजना दमाईं हालसम्म पनि नफर्किँदा सहारावीहीन उनका छोराछोरीमा निराश छन्। मूल थलो बाजुराको हिमाली गाउँपालिकाबाट नेपालगञ्जको मनिकापुरस्थित थपुवामा बसाइँ सरेका आराम दमाईं र उजना दमाईंका लागि हन्डर र सङ्घर्ष नयाँ कुरा थिएनन्। तर, आफ्ना सन्तानले आफूले जस्तै अभाव र दुःख भोग्न नपरोस् भनेर उनीले एउटा ठूलो र सुन्दर सपना बुनेका थिए, छोराछोरीलाई काठमाडौंमा राखेर राम्रो शिक्षा दिने।

नेपालगञ्जमा सोचेजस्तो रोजगारी नपाएपछि यो दम्पती रसुवा भन्सार कार्यालयको टिमुरे स्थित पार्किङमा मजदुरी गर्न पुगेको थियो। दिनरात पसिना बगाएर कमाएको रकमले काठमाडौंमा कक्षा ९ मा पढ्ने सुभास, कक्षा ६ मा पढ्ने अश्विन र कक्षा ४ मा पढ्ने सानी बहिनी स्मारिकाको उज्ज्वल भविष्यको जग बसिरहेको थियो।

"आमा-बुवाले रसुवाबाट दुःख गरेर पैसा पठाइदिनुहुन्थ्यो, हामी यहाँ ढुक्कले पढ्थ्यौं", छोरा सुभासले भने, "अहिले बाढीले दुवैजनालाई बेपत्ता बनाएको छ, हामी सहारावीहीन भयौं। अब हाम्रो टाउकोमा हात राख्ने कोही छैन।" यो शोक केबल एउटा घरमा मात्र सीमित छैन।

उक्त बाढीमा परी थपुवा गाउँका शेरसिंह रोकाय, विष्णुमती रोकाय र दीपक रोकाय पनि बेपत्ता छन्। नेपालगञ्ज उपमहानगरपालिका-२० कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढाले बेपत्ता व्यक्तिहरुको खोजीकार्य र बेपत्ता व्यक्तिका परिवारलाई आवश्यक सहयोग र समन्वयका लागि आफूहरुले काम गर्दै आएको जानकारी दिए। बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङका अनुसार, रसुवाबाढीपछि बाँकेका २३ व्यक्ति हालसम्म पनि बेपत्ता छन्।

उद्योग वाणिज्य संघ र स्याक नेपालबीच दुईवर्षे सम्झौता

◣युग संवाददाता

सुर्खेत, २५ असोज ।

सुर्खेत उद्योग वाणिज्य संघ र समाज जागरण केन्द्र (स्याक नेपाल) बीच किशोरकिशोरी, युवा, नवउद्यमी तथा साना व्यवसायीहरूको उद्यमशीलता विकास, सीप अभिवृद्धि, रोजगारी सिर्जना, व्यवसाय प्रवर्द्धन तथा दिगो आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले दुईवर्षे सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ।

सम्झौतामार्फत दुवै संस्थाबीच समन्वय, सहकार्य र साझेदारीलाई सुदृढ बनाउँदै युवालाई बजारको मागअनुसारको सीप, रोजगारी तथा उद्यमशीलताका अवसरसँग जोड्ने लक्ष्य लिइएको छाकार्यक्रममा सुर्खेत उद्योग वाणिज्य संघका कार्यकारी निर्देशक छत्र केसीले सम्झौताका उद्देश्य, आगामी दुई वर्षमा सञ्चालन गरिने क्रियाकलाप तथा अपेक्षित उपलब्धिबारे विस्तृत जानकारी गराए।

उनले कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न दुवै संस्थाबीच स्पष्ट समन्वय, जिम्मेवारी बाँडफाँट र निरन्तर सहकार्य आवश्यक रहेको उल्लेख गर्दै आगामी दिनमा यस साझेदारीलाई थप सफल र परिणाममुखी बनाउने विश्वास व्यक्त गर्नुभयो।त्यसैगरी, सेभ द चिल्ड्रेनका प्रतिनिधि जिवनाथ शर्माले बजारको माग र आवश्यकताअनुसार किशोरकिशोरी तथा युवाको सीप विकास गरी उनीहरूलाई रोजगारीमा आबद्ध गराउनु कार्यक्रमको प्रमुख उद्देश्य रहेको बताए।

उनले सुर्खेतमा कृत्रिम बुद्धिमत्तामा आधारित व्यवसाय इन्क्युबेसनको अवधारणामार्फत नवउद्यमीलाई प्रोत्साहन गर्ने, उद्योगी व्यवसायीको प्रवर्द्धन गर्ने तथा युवाको जीवनस्तर सुधारमा योगदान पुऱ्याउने लक्ष्य रहेको उल्लेख गरे। सेभ द चिल्ड्रेन, सुर्खेत फिल्ड अफिसका हेड अफ पिल्ड प्रोग्राम अप्रेसन रतन ओझाले यस नयाँ सहकार्य मोडेलले युवालाई रोजगारी तथा उद्यमशीलताका अवसरसँग जोड्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। उनले बालश्रम रोकथाममा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै उद्योग तथा व्यवसायमा बालबालिकालाई श्रमिकका रूपमा प्रयोग नगर्ने र बालश्रममुक्त व्यावसायिक वातावरण निर्माण गर्न प्रतिबद्ध रहनुपर्नेमा जोड दिए। सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष श्री हर्षविक्रम खड्काले युवाहरू रोजगारीमा आबद्ध हुन चाहने हुन् वा आफ्नै व्यवसाय सञ्चालन गर्न चाहने, उनीहरूको क्षमता र बजारको आवश्यकताबीच तालमेल स्थापित गर्नु आवश्यक रहेको बताए। उनले संघले उद्योगी व्यवसायीको श्रमशक्ति आवश्यकता पहिचान गरी युवालाई रोजगारीसँग जोड्ने तथा नयाँ व्यावसायिक सोच र प्रारम्भिक चरणका व्यावसायिक अवधारणालाई सफल उद्यममा रूपान्तरण गर्न आवश्यक मार्गदर्शन, मेन्टरसिप र व्यवसाय विस्तारमा सहजीकरण गर्ने बताए।

त्यस्तै, समाज जागरण केन्द्र (स्याक नेपाल) का अध्यक्ष मीना कुमारी तिवारी शर्माले यस अभियानले युवालाई रोजगारी तथा उद्यमशीलतामा आबद्ध हुन प्रेरित गर्दै उनीहरूको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्न सहयोग गर्ने विश्वास व्यक्त गरे। उनले यो पहल नयाँ अभ्यासमा मात्र सीमित नभई प्रभावकारी कार्यान्वयन र उपलब्धिमार्फत सफल अभियानका रूपमा स्थापित हुने अपेक्षा व्यक्त गर्नुभयो।

कार्यक्रममा सुर्खेत उद्योग वाणिज्य संघका पदाधिकारी, वस्तुगत समितिका अध्यक्ष तथा पदाधिकारी, नेपाल पत्रकार महासंघ सुर्खेतका अध्यक्ष मधुवन बिसी, विभिन्न सरोकारवाला सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि एवं समाज जागरण केन्द्र (स्याक नेपाल) का पदाधिकारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। यस सम्झौताबाट युवाको क्षमता र बजारको आवश्यकताबीचको दूरी कम गर्दै सीपयुक्त जनशक्ति उत्पादन, रोजगारी सिर्जना, नवप्रवर्तनमा आधारित उद्यमशीलता विकास तथा निजी क्षेत्रको प्रवर्द्धनमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ। साथै, स्थानीय स्रोतसाधनको उपयोग, नयाँ व्यवसायको विकास र निजी क्षेत्रको विस्तारमार्फत सुर्खेत तथा समग्र कर्णाली प्रदेशको आर्थिक विकासमा समेत सहयोग पुग्ने विश्वास गरिएको छ।

युवा सशक्तीकरण, दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धनमार्फत समृद्ध कर्णाली निर्माण गर्ने लक्ष्यसहित सुर्खेत उद्योग वाणिज्य संघ र समाज जागरण केन्द्र (स्याक नेपाल) बीचको यो सहकार्यलाई महत्वपूर्ण पहलका रूपमा लिइएको छ।



सम्पादकीय....

महँगीको मारमा उपभोक्ता

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा तरकारी तथा फलफूलको मूल्यमा भएको तीव्र वृद्धिले सर्वसाधारणको भान्छा महँगो बनाएको छ। बुलबुले कृषि हाट बजार व्यवस्थापन समितिको तथ्यांकअनुसार २०८२ असोजमा प्रतिकिलो औसत ८७ रुपैयाँ ४६ पैसा रहेको तरकारी तथा फलफूलको थोक मूल्य २०८३ असोजमा बढेर ११९ रुपैयाँ ९१ पैसा पुगेको छ। एक वर्षमै औसत मूल्य ३७ प्रतिशतले बढ्नु सामान्य उतारचढाव मात्र होइन, उपभोक्ताको खर्चमाथीको थप दबाब हो। तीन वर्षको मूल्य तुलना गर्दा बजारको अवस्था अझ स्पष्ट हुन्छ। २०८१ असोजमा प्रतिकिलो औसत १०८ रुपैयाँ ६५ पैसा रहेको मूल्य २०८२ मा घटेर ८७ रुपैयाँ ४६ पैसामा झरेको थियो। तर, एक वर्षमै पुनः बढेर पुरानो स्तरसमेत पार गरेको छ। यसले तरकारी तथा फलफूलको बजार मूल्य स्थिर हुन नसकेको देखाउँछ। आम्दानी नबढ्ने तर दैनिक उपभोग्य वस्तुको मूल्य बढिरहने अवस्थाले न्यून तथा मध्यम आय भएका परिवारको आर्थिक सन्तुलन बिगारिरहेको छ। साग, समिति, लौका, बन्दा, भिण्डी र तिते करेलाजस्ता स्थानीय उपभोगका तरकारीको मूल्य लगातार बढ्नु चिन्ताको विषय हो। गोलभेडा, प्याज र लसुनको मूल्यमा पनि ठूलो उतारचढाव देखिएको छ। २०८२ मा घटेको प्याजको मूल्य २०८३ मा पुनः ९२ रुपैयाँ पुगेको छ भने लसुनको मूल्य प्रतिकिलो २९४ रुपैयाँ पुगेको छ। अर्कातिर, अदुवा र आलुको मूल्य घटेको तथ्यांकले सबै वस्तुमा एकै किसिमको मूल्यवृद्धि नभएको देखाउँछ। त्यसैले बजारको वास्तवकि अवस्था बुझ्न वस्तुगत मूल्य विश्लेषण र नियमित अनुगमन आवश्यक छ। बुलबुले कृषि हाट बजारका व्यवस्थापक केशर रास्कोटीका अनुसार मौसमी उत्पादन, बाह्य आपूर्ति, ढुवानी खर्च र जनशक्तिको अभावले मूल्यमा प्रभाव पार्छ। कर्णालीको कठिन भूगोलले ढुवानीलाई महँगो बनाएको छ। पेट्रोलियम पदार्थको मूल्यवृद्धिले पनि लागत बढाउँछ। तर, यी कारण देखाएर उपभोक्ताले जति मूल्य तिर्नुपर्ने हो, त्यसलाई स्वतः उचित मान्न सकिँदैन। लागत बढेको वास्तविकता र त्यसको नाममा हुने अनुचित मूल्यवृद्धिबीच फरक छुट्याउनु आवश्यक छ। कृषि प्रधान देशमा उपभोक्ताले दैनिक खाने तरकारीसमेत सहज मूल्यमा पाउन नसक्नु बजार व्यवस्थापनको कमजोरी हो। स्थानीय उत्पादनको अवस्था, आयातको परिमाण, ढुवानी लागत र थोक तथा खुद्रा मूल्यबीचको अन्तर नियमित रूपमा सार्वजनिक हुनुपर्छ। बजार अनुगमन प्रभावकारी बनाउँदै अस्वाभाविक मूल्यवृद्धि र बिचौलियाको अनुचित चलखेल नियन्त्रण गर्नुपर्छ। साथै, स्थानीय उत्पादन बढाउने, किसानलाई बजारसँग जोड्ने र भण्डारण तथा ढुवानी व्यवस्था सुधार्ने कामलाई प्राथमिकता दिनुपर्छ। महँगीको भार अन्ततः उपभोक्ताकै काँधमा पर्छ। त्यसैले मूल्यवृद्धिको कारण बताउने मात्र होइन, त्यसको असर घटाउने जिम्मेवारी पनि सम्बन्धित निसकायको हो। दैनिक उपभोग्य वस्तुको बजार पारदर्शी, प्रतस्पिर्धी र उपभोक्तामैत्री बनाउन सके मात्र सर्वसाधारणले राहत महसुस गर्नेछन्।

रेमिट्यान्समा रमाइरहेको राज्यले श्रमिकको आत्मसम्मान कहिले देख्छ ?



खेमराज सुवेदी

> श्रमिकले नेपालमा एउटा तलब, काम र सुविधाको विवरणमा सहमति जनाउँछन्, तर गन्तव्य मुलुकमा पुगेपछि फरक सम्झौतापत्रमा दस्तखत गर्न बाध्य हुन्छन्

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारको योगदान ठूलो छ। खाडी मुलुक, मलेसिया तथा विश्वका विभिन्न देशमा काम गरिरहेका लाखौँ नेपाली श्रमिकले पठाउने रेमिट्यान्सले श्रमिक परिवारको जीवन मात्र धानेको छैन, यसले मुलुकको अर्थतन्त्रलाई समेत ठूलो टेवा पुऱ्याइरहेको छ। तर जसको श्रम र पसिनाका कारण यो अर्थतन्त्र चलायमान छ, त्यही श्रमिकको जीवनले सम्मान, सुरक्षा र न्यायको उज्यालो पूर्ण रूपमा प्राप्त हुन सकेको छैन।

अँध्यारोमा अस्ताएको सूर्य सुनौलो बिहानीसँगै उदाउँछ कि भन्ने प्रवासी श्रमिकको आशा अझै साकार हुन सकेको छैन। नेपालको कानुन र नीति बलियो बन्दै गए पनि कार्यान्वयनको कमजोरी तथा गन्तव्य मुलुकमा देखिने श्रम अधिकारका अवरोधले नेपाली श्रमिकको सुरक्षा अझै अधुरै छ।

नेपालले वैदेशिक रोजगारीलाई व्यवस्थित र सुरक्षित बनाउन कानुनी तथा संस्थागत संरचना निर्माण गरेको छ। वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, २०६४ तथा सम्बन्धित सरकारी नीति र कार्यक्रममार्फत भर्ना प्रक्रिया, श्रम स्वीकृति, बिमा, अभिमुखीकरण, कल्याणकारी सहायता, उद्धार तथा उजुरीका लागि विभिन्न व्यवस्था गरिएको छ।

वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोष र दूतावास तथा श्रम प्रशासनका संयन्त्र पनि यही उद्देश्यका लागि स्थापित छन्। अन्तर्राष्ट्रिय श्रम मापदण्डका दृष्टिले पनि नेपालले महत्त्वपूर्ण कदम चालेको छ। नेपालले जबर्जस्ती श्रमसम्बन्धी आइएलओ कन्भेन्सन २९ र सङ्गठन तथा सामूहिक सौदाबाजीसम्बन्धी कन्भेन्सन ९८ लगायतका महत्त्वपूर्ण श्रम महासन्धि अनुमोदन गरेको छ।

हालै ७ अगस्ट २०२६ मा नेपालले फोर्स लेबर प्रोटोकल २०१४ र लेबर इन्स्पेक्सन कन्भेन्सन १९४७ पनि अनुमोदन गरेको छ। तर नेपालले आइएलओ कन्भेन्सन ८७ अर्थात् स्वतन्त्र सङ्गठन निर्माणको अधिकारसम्बन्धी महासन्धि र आइएलओ कन्भेन्सन १४३ अर्थात् आप्रवासी श्रमिकसम्बन्धी महासन्धि, अझै अनुमोदन गरेको छैन।

यहाँ हामीले बुझ्नुपर्ने के छ भने कानुन छ, तर कार्यान्वयनको खाडल ठूलो छ। समस्या यहींबाट सुरु हुन्छ। कानुन र नीति बन्नु एउटा कुरा हो तर श्रमिकको जीवनमा त्यसको परावर्तन देखिनु बेग्लै कुरा हो। नेपालमा 'फ्री भिसा, फ्री टिकट' जस्ता नीतिगत व्यवस्था भए पनि वैदेशिक रोजगारमा जाने धेरै श्रमिकले भर्ना प्रक्रियामै ठूलो रकम खर्चिनुपर्ने वर्तमान यथार्थ हो। वास्तविक लागत, सेवा शुल्क र अनौपचारिक भुक्तानीबीचको अस्पष्टताले स्वदेशबाटै श्रमिकले भ्रम तथा ऋणको बोझ बोकेर विदेशिनुपर्ने अवस्था छ।

त्यसैगरी, नेपालमा गरिएको सम्झौता र गन्तव्य मुलुकमा पुगेपछि प्राप्त हुने रोजगारीको वास्तविकतासमेत फरक पर्ने गरेको गुनासो पटक-पटक सुन्न र देख्न पाइन्छ। 'कन्ट्र्याक्ट'को समस्या श्रमिक जगत्का निम्ति गम्भीर चिन्ताको विषय हो। श्रमिकले नेपालमा एउटा तलब, काम र सुविधाको विवरणमा सहमति जनाउँछन्, तर गन्तव्य मुलुकमा पुगेपछि फरक सम्झौतापत्रमा दस्तखत गर्न बाध्य हुन्छन्। यस्तो अवस्थामा विदेशी भूमिमा श्रमिकले ऋणको भारी, जिम्मेवारीको दायित्व र बाध्यात्मक परिस्थितिको सामना गर्नुपर्ने हुन्छ। यस्तोमा नेपालमा दिइने अभिमुखीकरण कार्यक्रम पनि कागजी प्रक्रिया पूरा गर्ने माध्यम मात्र बन्नु हुँदैन। श्रमिकलाई आफ्नो वास्तविक काम, तलबमान, काम गर्ने समय, आवास, स्वास्थ्य सुरक्षा, उजुरी प्रक्रिया, आपत्कालीन सम्पर्क र कानुनी अधिकारबारे व्यावहारिक जानकारी दिन सकिएन भने अभिमुखीकरणको उद्देश्य नै कमजोर हुन जान्छ।

श्रमिकको हितका निम्ति अझै विभिन्न आयामहरूमा तत्काल सुधार गर्नुपर्ने आवश्यकता छ। तीमध्ये म्यानपावर कम्पनीको प्रभावकारी अनुगमन, दोषीमाथि समयमै कारबाही, श्रमिक उजुरीको छिटो सुनुवाइ र डिजिटल प्रणालीको प्रभावकारी प्रयोग सुधारका अपेक्षित क्षेत्र हुन्।

नेपाली श्रमिक विदेश पुग्नुअघि नै जोखिममा परिरहेको परिप्रेक्ष्यमा वैदेशिक रोजगारलाई 'सुरक्षित' भन्नु वर्तमान सरकार, सरोकारवाला ट्रेड युनियनहरूका निम्ति केवल कागजी उपलब्धि मात्र हुन्। यसले आइएलओमा देखाउन बलियो इन्डिकेटर त प्रदान गर्छ, तर श्रमिक सुरक्षाको प्रत्याभूति गर्न सक्दैन।

गन्तव्य मुलुकमा परीक्षा

नेपालले आफ्नो कानुनी व्यवस्था बलियो बनाउँदैमा विदेशमा कार्यरत नेपाली श्रमिकका सबै समस्या समाधान हुँदैनन्। श्रमिक गन्तव्य मुलुक पुगेपछि उनीहरू सम्बन्धित मुलुकको श्रम कानुन, प्रशासन र न्यायिक प्रणालीको अधीनमा हुन्छन्। विशेषगरी मध्यपूर्वमा आप्रवासी श्रमिकको सङ्गठन निर्माण र सामूहिक सौदाबाजीको अधिकारमा अझै महत्त्वपूर्ण कानुनी सीमाहरू छन्।

उदाहरणका लागि मध्यपूर्वमा ट्रेड युनियन गठन वा त्यसमा आबद्ध हुने अधिकार छैन। यद्यपि श्रमिक प्रतिनिधित्वका लागि संयुक्त श्रमिक-व्यवस्थापन समितिजस्ता नयाँ संयन्त्र विकास गरिएका छन्। यसको अर्थ श्रमिकको आवाज पूर्ण रूपमा समाप्त भएको भन्ने होइन। तर आफ्नो अधिकारबारे सामूहिक रूपमा बोल्ने, समस्या उठाउने र रोजगारदातासँग वार्ता गर्ने संस्थागत क्षमता सीमित हुँदा कमजोर अवस्थामा रहेका नेपाली श्रमिक थप जोखिममा परिरहेका छन्। त्यसैगरी, विगतको 'कफाला' प्रणालीसँग सम्बन्धित रोजगारदाता निर्भरता र श्रमिकको आवागमन तथा रोजगारी परिवर्तनसम्बन्धी प्रतिबन्धहरूमा कागजी सुधार भए पनि व्यवहारमा अधिकारको वास्तविक प्रयोग, कम्पनी परिवर्तन, तलब नपाउने अवस्था र न्यायमा पहुँच अथवा ढिलासुस्तीजस्ता प्रश्नहरूले अझै धेरै अवस्थामा उत्तरहरू कुरिरहेका छन्। कम्पनीहरूले अझै पनि कम्पनी परिवर्तन गर्दा 'एनओसी लेटर' मागेर अत्तो थाप्ने गरेका छन्।

आईएलओ प्रतिवेदनअनुसार मध्यपूर्वमा श्रमिकका लागि अनलाइन उजुरी प्रणाली र श्रम अदालतजस्ता संयन्त्रहरूको स्थापना भएपछि न्यायको पहुँचका निम्ति केही बाटा विस्तार भएका छन्। तर उजुरी गर्न सक्ने कानुनी व्यवस्था हुनु र प्रत्येक श्रमिकले डर, भाषा, सूचना तथा आर्थिक बाधाबिना त्यसको उपयोग गर्न सक्नु पक्कै एउटै कुरा होइन।

स्वास्थ्य अधिकारको संवेदनशीलता

वैदेशिक श्रमिकका लागि स्वास्थ्य सुरक्षा केवल अस्पताल उपलब्ध हुनु मात्र होइन। समयमै उपचार, किफायती सेवा, सही निदान र आपत्कालीन सहयोगमा पहुँच पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। व्यवहारमा कतिपय नेपाली श्रमिकले स्वास्थ्य सेवा महँगो भएको, सरकारी अस्पतालमा लामो समय कुर्नुपरेको वा प्रारम्भिक उपचारपछि पनि रोगको वास्तविक कारण पत्ता लाग्न समय लागेको अनुभव सुनाउने गरेका छन्।

कतिपय गम्भीर रोग ढिलो पहिचान हुँदा उपचार झन् जटिल बनेर अस्पतालमै मृत्यु भई शव नेपाल पठाउनुपरेका प्रशस्त अभिलेख गैरआवासीय नेपाली सङ्घहरूसँग रहेका छन्। स्वास्थ्यसँग सम्बन्धित अर्को एउटा अँध्यारो पाटोलाई समेत यहाँ प्रकाश पार्न आवश्यक छ। विशेष गरेर क्यान्सर वा यस्तै अन्य दीर्घरोग लागेर उपचार गराइरहेका अशक्त बिरामी प्रवासी नेपाली श्रमिकहरूको हेरचाहका निम्ति रोजगारदाताले सहयोग नगरिदिँदा श्रमिकहरू असहाय बन्न पुगेका उदाहरणहरू पनि छन्।

यस्तोमा दूतावासले समेत कुनै चासो नगरेको श्रमिकको क्षेत्रमा काम गर्नेहरूको अनुभव छ। सरकारी अस्पतालमा समेत यस्ता बिरामीका निम्ति अलगै व्यक्तिगत नर्स राख्न आर्थिक रूपमा सक्षम नहुँदा, विभिन्न सङ्घ-संस्था तथा साथीभाइहरूले बिरामीलाई सहयोग गर्दै आएको देखिन्छ। राज्यको अर्थतन्त्रलाई टेवा पुऱ्याउने कर्मठ श्रमिक जीवनको दोसाँधमा प्रवासी अस्पतालमा जुधिरहँदा राज्यले कुनै पनि मद्दत नगर्नु आफैँमा उदेकलाग्दो त छँदै छ, राज्य आफ्नो जिम्मेवारीबाट च्युत हुँदै गएको प्रमाण पनि हो। वैदेशिक श्रमिकका लागि स्वास्थ्य बिमा, आपत्कालीन उपचार, रोजगारजन्य वा अन्य कारणले निम्त्याएको दीर्घरोगको उपचारका लागि राज्य सहयोगी बन्दै अस्पताल र परिवारसँग समन्वय गर्नुपर्ने आवश्यकता छ। उजुरी गर्न पाउने अधिकार तलब ढिला दिने वा रोक्ने, रोजगारदाताले तलब बैंकिङ प्रणालीमार्फत हालेर आफैँले श्रमिकको एटिएम प्रयोग गर्ने, कामको प्रकृति वा समय सम्झौताभन्दा फरक हुने, असुरक्षित बसोबास, कामको अत्यधिक दबाब, कागजातसम्बन्धी समस्या र रोजगारदातासँगको विवादजस्ता विषयमा श्रमिकले उजुरी गर्नुपर्ने अवस्था आउन सक्छ।

"साभार नागरिक अनलाईन"

विश्व

उन्नत ब्यालिस्टिक क्षेप्यास्त्र निर्माण गर्ने हुथी विद्रोहीको योजनाबारे प्रतिवेदन सार्वजनिक

युग संवाददाता

यमन, २५ असोज (रासस/एपी)।

इरानको समर्थन प्राप्त यमनका हुथी विद्रोहीहरूले चिनियाँ उपकरण तथा पार्टपुर्जाको सहयोगमा नयाँ मध्यम दूरीको ब्यालिस्टिक क्षेप्यास्त्र प्रणाली निर्माण गर्ने प्रयास गरिरहेको एक प्रतिवेदनले जनाएको छ। द्वन्द्वग्रस्त क्षेत्रमा हतियारको आपूर्ति तथा प्रयोगको अध्ययन गर्ने बेलायतस्थित संस्था कन्फ्लिक्ट आर्मामेन्ट रिसर्चले बुधबार सार्वजनिक गरेको प्रतिवेदनमा यस्तो उल्लेख गरिएको हो। प्रतिवेदनअनुसार नयाँ क्षेप्यास्त्र प्रणाली विकास भएमा हुथी विद्रोहीको सैन्य क्षमता विस्तार हुन सक्ने र साउदी अरब तथा इजरायलका लक्ष्यमा थप सटीक प्रहार गर्ने क्षमता बढ्न सक्ने सम्भावना छ।

संस्थाका वरिष्ठ विश्लेषक फाबियन हिन्जका अनुसार हुथी विद्रोहीहरूको स्वदेशमै हतियार उत्पादन गर्ने महत्त्वाकाङ्क्षा यसअघि अनुमान गरिएभन्दा बढी देखिएको छ। उहाँका अनुसार प्राप्त गर्न खोजिएका केही पार्टपुर्जा विशेष प्रकृतिका भएकाले तिनको उत्पादनका लागि क्षेप्यास्त्रको डिजाइनसम्बन्धी प्राविधिक जानकारी आवश्यक पर्न सक्छ।

प्रतिवेदनमा हुथी विद्रोहीहरूले इरानको 'खैबर शेकान' क्षेप्यास्त्रको संस्करण निर्माण गर्न उपयोगी हुने सामग्री चिनियाँ आपूर्तिकर्ताबाट प्राप्त गर्ने प्रयास गरेको उल्लेख छ। उक्त क्षेप्यास्त्रको मारक दूरी करिब दुई हजार किलोमिटर रहेको बताइएको छ।

यस विषयमा वासिङ्टनस्थित चिनियाँ दूतावासका प्रवक्ता लिउ चाङले प्रतिवेदनका विशिष्ट निष्कर्षबारे प्रत्यक्ष प्रतिक्रिया नदिए पनि चीनले अन्तर्राष्ट्रिय दायित्व पूरा गरिरहेको बताउनुभयो। उहाँका अनुसार चीनले सैन्य सामग्रीको निर्यातमा सावधानी अपनाउँदै दोहोरो प्रयोजनमा प्रयोग हुन सक्ने वस्तुको निर्यातलाई कडाइका साथ नियन्त्रण गर्छ।

इरानविरुद्ध नयाँ सैन्य रणनीति बनाउँदै अमेरिका

अमेरिकी सेनाले राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा इरानमाथि पुनः सैन्य कारबाही सुरु भएमा त्यहाँको ऊर्जा पूर्वाधार र आणविक केन्द्रलाई लक्षित गरी शक्तिशाली गैरआणविक बम 'मदर अफ अल बम्स' (एमओएबी) प्रहार गर्ने योजनासहित नयाँ आक्रमण रणनीति तयार पारेको छ। सीएनएनले बिहीबार अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै यस्तो जनाएको हो।

अमेरिकी अधिकारीहरूका अनुसार आगामी नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनअघि वा त्यसपछि इरानमाथि सैन्य कारबाही पुनः सुरु भएमा उक्त बम प्रयोग गर्ने विकल्पमाथि विचार भइरहेको छ। इरानसँगको जारी द्वन्द्वमा पहिलो पटक एमओएबी प्रयोग गरिएमा त्यसले युद्धलाई थप चर्काउन सक्ने सीएनएनले जनाएको छ। यद्यपि, उक्त बमको प्रयोगले अमेरिकाका घोषित रणनीतिक उद्देश्य पूरा गर्न वा युद्धको शक्ति सन्तुलन बदल्न कत्तिको प्रभाव पार्छ भन्नेमा अमेरिकी सैन्य योजनाबारे जानकार अधिकारीहरूले शंका व्यक्त गरेका छन्। वासिङ्टन र तेहरानबीच द्वन्द्व अन्त्यका लागि कूटनीतिक प्रयास भइरहे पनि तनाव कायमै छ। राष्ट्रपति ट्रम्पले अक्टोबर ८ मा इरानी अधिकारीहरूसँग वार्ता जारी रहेकाले नोभेम्बर ३ को मध्यावधि निर्वाचनअघि इरानमाथि नयाँ आक्रमण नगर्ने बताएका थिए। तर, निर्वाचनपछि सैन्य कारबाही हुन सक्ने सम्भावनालाई उहाँले खुला राख्नुभएको थियो। इरानसँगको द्वन्द्वले क्षेत्रीय सुरक्षा र विश्वव्यापी ऊर्जा आपूर्तिबारे चिन्ता बढाएको छ। विशेषगरी स्ट्रेट अफ होर्मुजको सुरक्षालाई लिएर चासो बढेको छ।

महत्वपूर्ण टेलिफोन नम्बर

एम्बुलेन्स

एम्बुलेन्स (नेपाल रेडक्रस)	: ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी)	: ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति)	: ९८२२४११५८६
शव वाहन	: ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय	: १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय	: ०८३-५२५४९६
विद्युत फ्यूज सेवा	:०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन	: १०९८
विमान स्थल	
सुर्खेत	: ०८३-५२१९४५/५२५२१९
जुम्ला	: ०८७-५२०१९०
मुगु ताल्चा :	
हुम्ला	: ०८७-६८००८०
डोल्पा	: ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम)	: ०८८-४०१०४८
नेपालगन्ज	: ०८१-५६५२०५
दमकल	
वीरेन्द्रनगर न.पा. :	: १०१
भेरीगंगा न.पा.	: ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा.	: ०८९-४१०२०१
अस्पताल	
दैलेख जिल्ला अस्पताल	: ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत	: ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि.	: ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि.	: ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम)	: ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम)	: ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ)	: ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था)	: ९८६८११६०५२
जाजरकोट अपस्ताल	: ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा	: ०८७-५५०१११
जिल्ला अस्पताल मुगु	: ०८७-४६०१६२

आजको राशिफल

मेष

कार्यक्षेत्रमा परिस्थिती अनुसार निर्णय लिनुहोला। व्यापार व्यवसायलाई लिएर गरिएको यात्रा सफल रहनेछ। मेहनतले गर्दा गुमाएका अवसर पुनः प्राप्त हुनेछन्।

तुला

आफ्नो काम र सोचमा आत्मविश्वास बलियो रहनेछ। कार्यक्षेत्रमा नयाँ योजना बनाउने अवसर मिल्नेछ। स्वास्थ्य सामान्य भन्दा राम्रो रहला।

वृष

नोकरी वा पेशामा साहसिक कार्य गर्ने समय रहेको छ। कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ।

वृश्चिक

आज यहाँहरूको लागि खर्च नियन्त्रणमा राख्नु आवश्यक छ। विवादास्पद कार्यबाट जोगिनु होला।

मिथुन

व्यवसायबाट राम्रो उपलब्धि हासिल हुनेछ। कार्य गर्ने अवसर रहेको छ। आफन्तहरूको बीचमा रमाइलो समय बित्नेछ।

धनु

साथी वा सहकर्मीको सहयोग लाभदायी हुनेछ। कार्यक्षेत्रमा लगनशीलताले कार्य सफल हुनेछ।

कर्कट

मानसम्मानमा वृद्धि हुनेछ। आटेको कार्य पूरा गर्न सकिएला। भविष्यलाई लिएर निर्णयहरू बन्नेछन्। व्यापार व्यवसायमा लाभ रहनेछ।

मकर

जिम्मेवारी पूरा गर्दा मान सम्मान बढ्नेछ। कार्यक्षेत्रमा स्थिरता र प्रगति देखिने दिन हो। शिष्टता अपनाउने बानिले पारिवारिक वातावरण अनुकूल रहनेछ।

सिंह

परिवारको आवश्यकतापूर्तिको लागि धन खर्च हुनेछ। वैदेशिक रोजगारमा सफलता मिल्नेछ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्।

कुम्भ

कार्यक्षेत्रमा सुनौलो अवसर आउने प्राप्त हुनेछ। नोकरी वा पेशामा सकारात्मक परिणाम र पदोन्नतिको योग बनेको छ।

कन्या

कार्यक्षेत्रमा बाध्यताले गर्दा कार्य समयमा सम्पादन नहोला। नोकरी वा पेशामा हजुरको प्रभाव बढ्नेछ।

मीन

आज यहाँहरूको लागि स्वास्थ्य र मानसिक शान्तिमा ध्यान दिनु आवश्यक छ। आज अनावश्यक यात्रा नगर्नु होला।

हिमाल आरोहणका लागि ७१ देशका एक हजार ९८ आरोहीलाई अनुमति

युग संवाददाता
काठमाडौँ, २५ असोज ।

शरद् ऋतुमा ३१ हिमाल आरोहणका लागि एक हजार ९८ जनाले अनुमति लिएका छन् । पर्यटन विभागका अनुसार सन् २०२६ को शरद् ऋतुमा नेपालका विभिन्न हिमाल आरोहणका लागि १३० टोलीले अनुमति लिएका छन् ।

विभागका सूचना अधिकारी सुरज घिमिरेले ४१ हिमाल आरोहणका लागि ८३३ पुरुष र २६५ महिलाले आरोहण अनुमति लिएको जानकारी दिनुभयो । अनुमति प्रदान गरेबापत विभागले आरोहीबाट रु २८ करोड २४ लाख १४ हजार ५६ रोयल्टी सङ्कलन गरेको छ ।

आरोहण अनुमति प्रदान गरिएका हिमालमध्ये सबैभन्दा धेरै मनास्लु (आठ हजार १६३ मिटर) रहेको छ । मनास्लु आरोहणका लागि मात्रै ४३ टोलीका ५०० जना आरोहीले अनुमति लिएका छन् । आरोहण अनुमति लिनेमा सबैभन्दा धेरै चीनका १३२ जना छन् । यसबाहेक रसियाका ९६, फ्रान्सका ९३, अमेरिकाका ९४, बेलायतका ७४, पोल्यान्डका २९, नेपालका २६, स्विजरल्यान्डका २८, स्पेनका २१, भारतका २२, इटलीका २८ र जापानका २८ जनाले आरोहण अनुमति लिएका छन् ।

विभागले उक्त हिमाल आरोहणका लागि जारी गरेको आरोहण अनुमतिबाट १८ लाख ५४ हजार ९५९ अमेरिकी डलर अर्थात् रु २८ करोड २४ लाख १४ हजार ५६ नेपाली रोयल्टी सङ्कलन गरेको छ ।

ती हिमाल आरोहण गर्नका लागि ७१ देशका एक हजार ९८ आरोहीले आरोहण अनुमति लिएका छन् । आरोहण अनुमति लिनेमा सबैभन्दा धेरै चीनका १३२ जना छन् । यसबाहेक रसियाका ९६, फ्रान्सका ९३, अमेरिकाका ९४, बेलायतका ७४, पोल्यान्डका २९, नेपालका २६, स्विजरल्यान्डका २८, स्पेनका २१, भारतका २२, इटलीका २८ र जापानका २८ जनाले आरोहण अनुमति लिएका छन् ।

विभागले उक्त हिमाल आरोहणका लागि जारी गरेको आरोहण अनुमतिबाट १८ लाख ५४ हजार ९५९ अमेरिकी डलर अर्थात् रु २८ करोड २४ लाख १४ हजार ५६ नेपाली रोयल्टी सङ्कलन गरेको छ ।

त्यसैगरी, पुथा हिउँचुली, डाङ्गा हिउँचुली, बरुणत्से हिमाल, मकालु, गङ्गापूर्णा पश्चिम (लाङचेनेल), थोरोङ पिक, नोर्बु खाङ, अन्नपूर्ण-४, चाम्लाङ, लमजुङ हिमाल, पुमोरी, सारिबुङ, थापा पिक (धाम्पुस), पोखर खाङ, अर्दाङ, पेरीलगायत हिमालका लागि अनुमति प्रदान गरिएको विभागले जनाएको छ ।

ती हिमाल आरोहण गर्नका लागि ७१ देशका एक हजार ९८ आरोहीले आरोहण अनुमति लिएका छन् । आरोहण अनुमति लिनेमा सबैभन्दा धेरै चीनका १३२ जना छन् । यसबाहेक रसियाका ९६, फ्रान्सका ९३, अमेरिकाका ९४, बेलायतका ७४, पोल्यान्डका २९, नेपालका २६, स्विजरल्यान्डका २८, स्पेनका २१, भारतका २२, इटलीका २८ र जापानका २८ जनाले आरोहण अनुमति लिएका छन् ।

विश्वविद्यालयलाई स्वायत्तता कायम राख्न शिक्षाविद्हरुको जोड

युग संवाददाता
काठमाडौँ, २५ असोज ।

विश्वविद्यालयलाई स्वायत्तता कायम राख्न शिक्षाविद्हरुले जोड दिएका छन् । प्राज्ञिक विद्यार्थी परिषद् नेपालले आयोजना गरेको 'विश्वविद्यालय अनुदान आयोग र नेपालको उच्च शिक्षा' विषयक राष्ट्रिय शिक्षा कार्यशालामा शिक्षाविद्हरुले सो धारणा व्यक्त गरेका छन् ।

उच्च शिक्षामा विद्यार्थीको पहुँच विस्तार, शिक्षालाई सर्वसुलभ बनाउने र विश्वविद्यालयको गुणस्तर सुधार गर्न विश्वविद्यालयलाई स्वायत्तता कायम राख्न विज्ञहरुले सुझाव दिएका छन् । उच्च शिक्षाका समस्या समाधानका लागि नीतिगत सुधार, अनुसन्धानमा लगानी र विश्वविद्यालयको संस्थागत स्वायत्तता आवश्यक रहेको छ ।

पूर्वाञ्चल विश्वविद्यालयका पूर्वउपकुलपति प्राडा विजुकुमार थपलियाले उच्च शिक्षामा राजनीतिक हस्तक्षेप बन्द गर्नुपर्ने बताए ।

उनले कमजोर संस्थागत स्वायत्तता, अनुसन्धानमा अपर्याप्त लगानी र नीतिगत निरन्तरताको अभावजस्ता चुनौती औँल्याए ।

विश्वविद्यालयको स्वायत्तता कायम राख्दै त्यसलाई पारदर्शिता, गुणस्तर र परिणामप्रतिको जवाफदेहितासँग जोड्नुपर्ने थपलियाको प्रस्ताव छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायका डीन प्रा डा वेदराज आचार्यले आगामी १० वर्षभित्र उच्च शिक्षा अध्ययन गर्ने उमेर समूहका कम्तीमा ३० प्रतिशतलाई उच्च शिक्षामा समेट्ने लक्ष्य लिनुपर्ने बताए ।

उनले उच्च शिक्षामा पहुँच विस्तारसँगै शिक्षालाई आर्थिक रूपमा सर्वसुलभ बनाउनुपर्नेमा जोड दिए । उनले भने, "शिक्षाको खर्च घटाउने नाममा शिक्षक तथा कर्मचारीको पारिश्रमिक वा शैक्षिक गतिविधिमा हुने खर्च कटौती गर्नु समाधान होइन ।"

शिक्षाविद् एवं राष्ट्रिय योजना आयोगका पूर्वसदस्य प्रा डा पुष्करमान बज्राचार्यले मानवस्रोत योजना निर्माणका लागि छुट्टै राष्ट्रिय परिषद् गठन गर्नुपर्ने बताए । डा. बज्राचार्यले उच्च शिक्षामा पहुँच विस्तारसँगै आर्थिकरूपमा कमजोर विद्यार्थीका लागि छात्रवृत्तिको दिगो व्यवस्था गर्नुपर्ने बताए ।

विश्वविद्यालय अनुदान आयोगले गुणस्तरका मापदण्ड निर्धारण, अनुगमन, शैक्षिक सुधारमा सहजीकरण र अनुसन्धानका लागि अनुदान उपलब्ध गराउने भूमिकालाई प्रभावकारी बनाउनुपर्नेमा बज्राचार्यले जोडदिए ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा तीर्थ खनियाँको अध्यक्षतामा भएको कार्यक्रमको छलफलमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा उपेन्द्र कोइराला, शिक्षाविद् एवं विश्वविद्यालय अनुदान आयोगका पूर्वसदस्य प्रा डा गोविन्द नेपाल, विश्वविद्यालय अनुदान आयोगकी सदस्य-सचिव प्रा डा रोजी श्रेष्ठ, भारतको विश्वविद्यालय अनुदान आयोगका पूर्वसचिव प्रा डा मनिष जोशी तथा अमेरिकाको मेरिल्याण्डस्थित मोर्गन स्टेट विश्वविद्यालयका प्राध्यापक एवं शिक्षाविद् प्रा डा कृष्ण विष्टलगायतको सहभागी थियो ।

विज्ञापन बोर्डको वार्षिक प्रतिवेदन पेस: 'डिजिटल' विज्ञापन नियमन प्राथमिकतामा

युग संवाददाता
काठमाडौँ, २५ असोज ।

विज्ञापन बजारलाई व्यवस्थित, पारदर्शी र उपभोक्तामैत्री बनाउन विज्ञापन बोर्डले 'डिजिटल' विज्ञापनको नियमन, सरकारी विज्ञापनको एकद्वार प्रणालीबाट व्यवस्थापन, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण तथा विज्ञापनसम्बन्धी कानुन सुधारलगायतका विषयलाई प्राथमिकतामा राखेको छ ।

बोर्डका अध्यक्ष सन्तोष श्रेष्ठले बुधबार सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासमक्ष पेस गरेको वार्षिक प्रतिवेदनमा राष्ट्रिय विज्ञापन नीति, २०८३ कार्यान्वयन गर्दै विज्ञापन क्षेत्रको संस्थागत सुदृढीकरण, भ्रामक विज्ञापन नियन्त्रण, विज्ञापन प्रतिष्ठान स्थापनाको तयारी र सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल बनाउने योजना समेटिएको छ ।

प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिएका काम, विज्ञापन बजारको नियमनमा देखिएका चुनौती तथा उपभोक्ता हित संरक्षण र वित्तीय पारदर्शिता अभिवृद्धिका लागि गरिएका प्रयाससमेत उल्लेख छन् ।

बोर्डको वार्षिक प्रतिवेदनअनुसार मन्त्रिपरिषद्बाट २०८३ असार १८ गते स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको 'राष्ट्रिय विज्ञापन नीति, २०८३' लाई मूल मार्गदर्शन मानेर बोर्डले विज्ञापन बजारको नियमन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने योजना बनाएको छ ।

सामाजिक सञ्जाल र डिजिटल विज्ञापनको निगरानी बढाइने

डिजिटल प्रविधि र सामाजिक सञ्जालमार्फत हुने विज्ञापनको तीव्र विस्तारसँगै त्यसको नियमनलाई प्रभावकारी बनाउने बोर्डको प्रमुख योजना रहेको छ । छापा, रेडियो र टेलिभिजनजस्ता परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, चलचित्र प्रदर्शनस्थल तथा सडक र सार्वजनिक स्थानमा राखिने बाह्य विज्ञापनको अनुगमन गर्न प्राविधिक प्रणाली र संस्थागत क्षमता विकास गरिने प्रतिवेदनमा उल्लेख छ ।

विशेषगरी सामाजिक सञ्जालमा स्वास्थ्यसम्बन्धी आधारहीन दाबी, वैदेशिक रोजगारीका नाममा प्रलोभन, गैरकानुनी सट्टेबाजी, क्रिप्टोकरेन्सी तथा अन्य भ्रामक विज्ञापनको नियमनलाई थप प्रभावकारी बनाउने योजना बोर्डले अघि सारेको छ ।

कृत्रिम बौद्धिकता (एआई), डिपफेक र इन्फ्लुएन्सर मार्केटिङजस्ता नयाँ प्रविधि तथा प्रचारशैलीका कारण विज्ञापन नियमन थप जटिल बन्दै गएको प्रतिवेदनमा उल्लेख छ । यस्ता माध्यमबाट उत्पादन हुने अतिरञ्जित र भ्रमपूर्ण विज्ञापन नियन्त्रण गर्न कानुनी, प्राविधिक तथा जनशक्तिगत क्षमता अभिवृद्धि आवश्यक रहेको बोर्डको निष्कर्ष छ । विदेशमा रहेका कम्पनी तथा अन्तरराष्ट्रिय डिजिटल प्लेटफर्ममार्फत नेपालमा प्रसारित हुने विज्ञापनको नियमनलाई पनि बोर्डले प्रमुख चुनौतीका रूपमा पहिचान गरेको छ ।

विज्ञापनसम्बन्धी कानुन संशोधन गरिने

बोर्डले राष्ट्रिय विज्ञापन नीतिको मर्मअनुरूप 'विज्ञापन (नियमन गर्ने) ऐन, २०७६' लगायत विज्ञापन क्षेत्रसँग सम्बन्धित अन्य कानुन, नियमावली, कार्यविधि र मापदण्डमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने योजना अघि सारेको छ ।

विज्ञापन बजारमा विकसित भइरहेका नयाँ प्रविधि, सामाजिक सञ्जालमार्फत हुने प्रचारप्रसार र उपभोक्तालाई भ्रममा पार्ने विज्ञापनका कारण देखिएका चुनौती सम्बोधन गर्न कानुनी व्यवस्थालाई समयसापेक्ष बनाइने प्रतिवेदनमा उल्लेख छ ।

यसका लागि अध्ययन तथा अनुसन्धान गरी नीतिगत सुझाव नेपाल सरकारसमक्ष पेस गर्ने र सम्बन्धित निकाय तथा सरोकारवालासँग समन्वय गर्ने बोर्डको योजना छ । विज्ञापन बजारमा विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम र उपभोक्ताबीच स्वच्छ प्रतिस्पर्धा तथा जिम्मेवार व्यवहार सुनिश्चित गर्न कानुनी सुधारलाई प्राथमिकतामा राखिएको छ ।

सरकारी विज्ञापन एकद्वार प्रणालीबाट व्यवस्थापन गरिने

बोर्डले नेपाल सरकार तथा सरकारअन्तर्गतका निकायबाट प्रकाशन र प्रसारण गरिने लोककल्याणकारी तथा अन्य विज्ञापन बोर्डमार्फत व्यवस्थापन गर्ने एकद्वार प्रणालीको योजना अघि सारेको छ । यस व्यवस्थाबाट सरकारी विज्ञापनको वितरण, प्रकाशन तथा प्रसारण र भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउँदै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । त्यस्तै, लोककल्याणकारी विज्ञापनको वितरण प्रणालीलाई थप पारदर्शी, वस्तुपरक र समानुपातिक बनाउने बोर्डको योजना छ । विज्ञापन एजेन्सी दर्ता तथा नवीकरण र सञ्चारमाध्यमको सूचीकरण प्रक्रियालाई पूर्ण रूपमा डिजिटल बनाउँदै विज्ञापन बजारमा संलग्न सबै पक्षबीच समन्वय बलियो बनाइने प्रतिवेदनमा उल्लेख छ । विज्ञापन बजारमा उत्कृष्ट काम गर्ने व्यक्ति तथा संस्थाको योगदानको सम्मान गर्न राष्ट्रिय विज्ञापन अवार्ड आयोजना गर्ने योजना पनि बोर्डले अघि सारेको छ ।

विज्ञापन बोर्डलाई थप स्वायत्त र अधिकारसम्पन्न बनाउने

आफूलाई सुम्पिएको जिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्न आवश्यक स्रोतसाधन, दक्ष जनशक्ति र संस्थागत संरचना विकास गरी बोर्डलाई थप स्वायत्त तथा अधिकारसम्पन्न निकायका रूपमा अघि बढाउने योजना प्रतिवेदनमा समेटिएको छ ।

विज्ञापन क्षेत्रको अध्ययन, अनुसन्धान र दक्ष जनशक्ति उत्पादनका लागि विज्ञापन प्रतिष्ठान स्थापना गर्न प्रारम्भिक प्रस्ताव तयार गर्ने पनि बोर्डको भावी कार्यदिशा छ । त्यस्तै, विज्ञापनसम्बन्धी आचारसंहिता पूर्ण रूपमा कार्यान्वयन गराउन सञ्चारमाध्यम र विज्ञापन एजेन्सीको निरन्तर अनुगमन गरिनेछ । विज्ञापनदाता, सञ्चारमाध्यम, विज्ञापन एजेन्सी तथा आम नागरिकका सुझाव, गुनासा र प्रतिक्रियालाई सम्बोधन गर्ने प्रणालीसमेत सुदृढ बनाइने प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्रिय विज्ञापन नीति कार्यान्वयनमा

विज्ञापन बजारको समग्र विकास, विस्तार र प्रभावकारी नियमनका लागि राष्ट्रिय विज्ञापन नीति, २०८३ निर्माण गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु आर्थिक वर्ष २०८२/८३ को प्रमुख उपलब्धिका रूपमा प्रतिवेदनमा उल्लेख छ । छापा तथा विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणसम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको प्रतिवेदनमा उल्लेख छ । यसबाट लोककल्याणकारी विज्ञापनको उत्पादन, वितरण र भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउन सहयोग पुगेको बोर्डको भनाई छ ।

प्रदेश तथा स्थानीय तहमा विज्ञापन नियमनसम्बन्धी कानुनी तथा नीतिगत स्पष्टता कायम गर्न पनि बोर्डले काम गरेको छ । प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिकाको नमूना, बाह्य विज्ञापनमा प्रदेश सरकारको भूमिका, विज्ञापन कानुन तथा विज्ञापन करका विषयमा मधेस प्रदेशबाहेक छवटै प्रदेश सरकारसँग अन्तरक्रिया गरिएको छ ।

'अनलाइन' माध्यम र विज्ञापन एजेन्सीको सूचीकरण बढ्यो

बोर्डले आर्थिक वर्ष २०८२/८३ मा सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीको सूचीकरण र नवीकरणसम्बन्धी काम गरेको छ । प्रतिवेदनअनुसार उक्त अवधिमा १९७ अनलाइन सञ्चारमाध्यम सूचीकरण र २६८ को नवीकरण भएको छ । रेडियोतर्फ २० वटा तथा टेलिभिजनतर्फ आठ वटा सूचीकरण र ९० वटा नवीकरण गरिएको छ ।

त्यसैगरी, ९२ विज्ञापन एजेन्सीको सूचीकरण र ३२४ वटाको नवीकरण गरिएको छ । पत्रपत्रिकातर्फ ९९ वटा सूचीकरण र २७६ वटा नवीकरण भएको बोर्डले जनाएको छ । लोककल्याणकारी विज्ञापन प्रसारणका लागि ९३ टेलिभिजन तथा ४५१ रेडियो र एफएम रेडियोको आवेदन स्वीकृत गरिएको छ । स्वीकृत विज्ञापन सामग्री प्रसारण गरेबापतको रकम बोर्डको स्वीकृतिअनुसार भुक्तानी गरिएको प्रतिवेदनमा उल्लेख छ ।

'विज्ञापन प्रसारण सामग्री परीक्षणसम्बन्धी मापदण्ड, २०७८' बमोजिम २६ वटा विज्ञापन सामग्री परीक्षण गरिएको छ । लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी अनुगमन विभिन्न जिल्लाका हुलाक कार्यालय तथा हुलाक निर्देशनालयमार्फत गरिएको छ । बाह्य विज्ञापनतर्फ बागलुङ, मकवानपुर, काभ्रेपलाञ्चोक, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, कास्की, पाल्पा, नुवाकोट, धादिङ, उदयपुर, सिन्धुली, ताप्लेजुङ, सिन्धुपाल्चोकलगायत जिल्लाका विभिन्न स्थानमा राखिएका होर्डिङ बोर्डको अनुगमन गरिएको छ ।

भ्रामक विज्ञापन नियन्त्रणमा सक्रियता

बोर्डले उपभोक्ता हित संरक्षण र विज्ञापनसम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनका लागि विभिन्न विज्ञापनको अनुगमन, उजुरीको छानबिन तथा कारबाही प्रक्रिया अघि बढाएको प्रतिवेदनमा उल्लेख छ ।

वैदेशिक रोजगारीका नाममा भ्रमपूर्ण तथा प्रलोभनमा पार्ने विज्ञापन नगर्न सार्वजनिक सूचना जारी गर्नुका साथै वैदेशिक रोजगार विभागलाई नियमनका लागि अनुरोध गरिएको थियो । त्यस्ता विज्ञापन तथा सूचना हटाउन पनि लगाइएको प्रतिवेदनमा उल्लेख छ । सामाजिक सञ्जालमा कपाल उमार्ने, लामो वा बाक्लो बनाउने, हड्डी तथा नसासम्बन्धी पीडा कम गर्ने, शरीरको बोसो घटाउने, मिर्गौला सफा गर्ने तथा शरीरबाट विषाक्त पदार्थ हटाउनेजस्ता आधारहीन स्वास्थ्यसम्बन्धी दाबी गरिएका विज्ञापनमाथि पनि बोर्डले निगरानी गरेको छ ।

औषधिजन्य दाबी गरिएका अनधिकृत तथा भ्रामक विज्ञापन गर्ने १५ सामाजिक सञ्जाल अकाउन्टलाई बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरिएको र अन्य १७ सामाजिक सञ्जालसँग सम्पर्क गरी भ्रामक विज्ञापन हटाउन लगाइएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, विज्ञापन प्रकाशन तथा प्रसारण भएको विषयमा विभिन्न सञ्चारमाध्यम र विज्ञापनदातासँग जवाफ माग्ने, सचेत गराउने तथा सामग्री हटाउन लगाउने काम गरिएको छ ।

बोर्डले विदेशी टेलिभिजन च्यानलका सात मल्टिपल सिस्टम अपरेटर (एमएसओ) लाई क्लिन फिड प्रसारण गर्न सचेत गराएको छ । मदिरा उत्पादन तथा बिक्री वितरण गर्ने १३ डिस्टिलरीलाई पछिल्लो छ वर्षमा मदिराको विज्ञापन शीर्षकमा भएको खर्चको विवरण पेस गर्न पत्राचार गरी नियमनको दायरामा ल्याउने प्रक्रिया अघि बढाइएको छ ।

निर्वाचनका समयमा विज्ञापनमा आचारसंहिता पालना भए/नभएको अनुगमन गरिएको तथा सट्टेबाजीसम्बन्धी विज्ञापन रोक्न सार्वजनिक सूचना जारी गरिएको प्रतिवेदनमा उल्लेख छ । विभिन्न गैरकानुनी विज्ञापन गर्ने सात प्लेटफर्म बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरण र साइबर ब्यूरोलाई पत्राचार गरिएको छ ।

विज्ञापन बजारलाई पूर्ण 'डिजिटल'

बोर्डले आफ्नो आन्तरिक प्रशासन, सेवा प्रवाह तथा अनुगमन प्रणालीलाई प्रविधिमा आधारित बनाएको जनाएको छ । विज्ञापन व्यवस्थापन सूचना प्रणालीमार्फत सेवा प्रवाह गरिनाका साथै जिआइओएमएस प्रणाली पूर्ण रूपमा लागू गरिएको प्रतिवेदनमा उल्लेख छ ।

यसबाट सेवा प्रवाहलाई सहज, छरितो, पारदर्शी र व्यवस्थित बनाउने लक्ष्य राखिएको छ । सञ्चारमाध्यमले निर्धारित दरेटमा कारोबार गर्ने र विज्ञापन एजेन्सीमार्फत कारोबार गर्दा सञ्चारमाध्यमको बिलको प्रतिलिपि राख्नुपर्ने व्यवस्थाको कार्यान्वयनका लागि पनि पहल गरिएको छ ।

'बाह्य विज्ञापनसम्बन्धी मापदण्ड, २०८१' कार्यान्वयनमा सहजीकरण गर्दै सहरी सौन्दर्य र सार्वजनिक सुरक्षालाई ध्यान दिने तथा स्थानीय तहको आन्तरिक राजस्व बढाउन प्राविधिक र कानुनी आधार तयार पार्ने कामसमेत गरिएको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहले निजी तथा सार्वजनिक सम्पत्तिमा राखिने बाह्य विज्ञापनबाट बहाल कर, अनुमति दस्तुर, नवीकरण दस्तुर र विज्ञापन करमार्फत आम्दानी गर्न सक्ने व्यवस्था कार्यान्वयनमा सहजीकरण गर्ने बोर्डको लक्ष्य छ ।

आर्थिक अनुशासनमा शून्य बेरुजु

वित्तीय पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिएको बोर्डले हाल फछ्यौंट हुन बाँकी बेरुजु शून्य रहेको जनाएको छ । प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/७८ देखि सरकारी आचारसंहिताविपरीत सामग्री राखेको छ ।

अनुदानका अतिरिक्त विज्ञापन (नियमन गर्ने) नियमावलीबमोजिम लोककल्याणकारी विज्ञापनको भुक्तानीबाट सङ्कलन हुने तीन प्रतिशत रकम बोर्डको आन्तरिक आम्दानीका रूपमा रहँदै आएको छ ।

सरकारी अनुदान र आन्तरिक स्रोतबाट प्राप्त रकम वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कानुनी व्यवस्थाअनुसार मितव्ययी रूपमा खर्च गरिँदै आएको बोर्डले जनाएको छ । प्रत्येक आर्थिक वर्ष आन्तरिक तथा महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण नियमित रूपमा सम्पन्न हुँदै आएको प्रतिवेदनमा उल्लेख छ ।

नियमनमा जनशक्ति र प्रविधिको चुनौती

विज्ञापन बजारको विस्तारसँगै नियमनलाई प्रभावकारी बनाउन कानुनी, प्राविधिक तथा संस्थागत चुनौती रहेको बोर्डले औँल्याएको छ । सामाजिक सञ्जाल, एआई, डिपफेक, इन्फ्लुएन्सर मार्केटिङ तथा अन्तरराष्ट्रिय डिजिटल प्लेटफर्ममार्फत हुने विज्ञापनको नियमन गर्न पर्याप्त प्राविधिक जनशक्ति, कानुनी स्पष्टता र संस्थागत संरचना आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ ।

बोर्डको सङ्गठन संरचनाले पूर्णता नपाउनु, दरबन्दीअनुसार प्राविधिक जनशक्ति अभाव हुनु, कार्यालय भवन तथा भौतिक पूर्वाधार अपर्याप्त हुनु र कर्मचारीको तालिम तथा क्षमता विकासमा कमी रहनु पनि कामकारबाहीमा देखिएका समस्या हुन् ।विज्ञापनदाता, एजेन्सी र सञ्चारमाध्यमले आचारसंहिता, आधिकारिक दररेट र प्रचलित कानुनी व्यवस्था पालना नगर्दा नियमनमा कठिनाइ हुने बोर्डको भनाइ छ । सूचीकरण तथा नवीकरणमा पेस गरिएका कागजातको वैधानिकता परीक्षण, अन्तरनिकाय समन्वय र विज्ञापन बजारसम्बन्धी अनुसन्धानात्मक तथ्याङ्कको अभावलाई पनि चुनौतीका रूपमा पहिचान गरिएको छ । यी समस्या समाधान गर्न कानुनी व्यवस्थाको समसामयिक संशोधन, नियामक निकायबीच समन्वय, विज्ञापनदाता तथा सञ्चारमाध्यमलाई सचेत गराउने, कर्मचारीको अनुभव आदानप्रदान गर्ने र सेवा प्रवाहसम्बन्धी सफ्टवेयर प्रणाली स्तरोन्नति गर्ने काम भइरहेको प्रतिवेदनमा उल्लेख छ ।

बोर्डले आगामी दिनमा कानुनी सुधार, डिजिटल नियमन, पारदर्शी विज्ञापन वितरण, संस्थागत सुदृढीकरण र उपभोक्ता हित संरक्षणलाई प्राथमिकता दिँदै विज्ञापन बजारलाई स्वच्छ, मर्यादित र उत्तरदायी बनाउने लक्ष्य राखेको छ ।

भारतबाट फर्किनेको गड्डाचौकीमा भीड : स्वास्थ्य परीक्षण अनिवार्य

युग संवाददाता
कञ्चनपुर, २५ असोज ।

दशैँ तिहार मनाउन भारतबाट घर फर्किने यात्रुको गड्डाचौकी नाकामा स्वास्थ्य परीक्षण भइरहेको छ । सरकारले चाडपर्वका बेला सीमा नाकामा यात्रुको चाप हुने भएकाले विभिन्न सङ्क्रामक रोग भित्रिन नदिन सीमा नाकामा रहेका हेल्थ डेस्कमा मलेरिया, क्षयरोग, एचआइभी, कोभिड, डेङ्गु र स्क्रब टाइफस गरी छ प्रकारका रोगको परीक्षण भइरहेको हो ।

भारतबाट फर्किने नागरिकमा हुनसक्ने विभिन्न रोगको पहिचान गरी समयमै उपचार तथा रोगको सङ्क्रमण फैलिन नदिन सीमानाकामै स्वास्थ्य परीक्षण गरिएको जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका जनस्वास्थ्य अधिकृत सिद्धराज भट्टले जानकारी दिए । "सङ्क्रमण देखिए अस्पतालमा ल्याएर निःशुल्क उपचार गरिन्छ", भट्टले भने, "टाढाको मानिसका लागि सम्बन्धित जिल्लाको अस्पतालमा खबर गरेर उपचारको व्यवस्था मिलाइन्छ ।"

नाकामा आउने यात्रुमध्ये भारतका मलेरिया, डेङ्गीलगायतका सङ्क्रामक रोग बढी फैलिएको क्षेत्रबाट आएका यात्रु र ज्यरो आएको यात्रुको परीक्षण गर्ने गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

असोजमा मात्रै गड्डाचौकी नाकामा चार हजार ७०० को स्वास्थ्य परीक्षण गरिएको छ । परीक्षणमा अहिलेसम्म दुई जनामा टिभी पोजेटिभबाहेक अन्यमा सङ्क्रमण देखिएको छैन । प्रहरीको तथ्याङअनुसार अहिले गड्डाचौकी नाका भएर दैनिक दुई हजार मानिस नेपाल फकिरहेका छन् । रोजगारीका लागि भारतका विभिन्न सहरमा गएका नेपाली घर फर्किन थालेपछि गड्डाचौकी नाकामा यात्रुको चाप बढेको छ ।

यात्रुको सहजता र सुरक्षालाई ध्यानमा राख्दै जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले सीमानाकालगायत जिल्लाका विभिन्न स्थानमा नागरिक सहायता कक्षसमेत स्थापना गरिएको छ । प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले गड्डाचौकी नाका भएर स्वदेश फर्किने नेपालीको चाप बढेकाले यात्रुको सुरक्षाका लागि नाकामा निगरानी बढाएको बताए । "गड्डाचौकी नाका र महेन्द्रनगर बसपार्क गरी जिल्लाका आठ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेका छौँ", उनले भने, "चाडपर्वका बेला हुने आपराधिक क्रियाकलाप न्युनीकरणका लागि सुरक्षा व्यवस्था चुस्त पारिएको छ ।"

पुनरुत्थान र पुनर्निर्माणमा सहयोग गर्न एडिबीलाई अर्थमन्त्रीको आग्रह

युग संवाददाता
काठमाडौँ, २५ असोज ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपालले भोगेको प्राकृति विपत्तिपछिको पुनरुत्थान र जलवायु-उत्थानशील पुनर्निर्माणमा नेपाललाई सघाउन एसियाली विकास बैंकलाई आग्रह गरेका छन् ।

थाइल्याण्डको राजधानी बैंकमा जारी विश्व बैंक र अन्तरराष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा सहभागी हुन थाइल्याण्डको राजधानी बैंककमा रहनुभएका अर्थमन्त्री डा वाग्ले र एसियाली विकास बैंकका अध्यक्ष मासातो कान्दाबीचको भेटवार्ता सो आग्रह गरिएको हो ।त्यसअवसरमा अर्थमन्त्री डा वाग्लेले विपद्पश्चात्को पुनरुत्थान, जलवायु-उत्थानशील पुनर्निर्माण र नेपालका दीर्घकालीन आर्थिक प्राथमिकता अगाडि बढाउनका लागि स्रोत परिचालन गर्न बैंकका अध्यक्ष मासातो कान्दालाई आग्रह गरेको उनको सचिवालयले जनाएको छ ।

भेटवार्तामा बाढीपछि उद्धारमा सहयोग गर्न आपतकालीन अनुदान छिटो स्वीकृति र ऐक्यबद्धता जाहेर गरिएकामा मन्त्री डा वाग्लेले एशियाली विकास बैंकप्रति नेपालको तर्फबाट कृतज्ञता व्यक्त गरेका थिए । त्यस अवसरमा अध्यक्ष कान्दाले नेपालको विकासका लागि सहकार्य आफूको उच्च प्राथमिकतामा रहेको बताए । छलफलमा भ्रमण दलमा रहनुभएका अर्थसचिव डा घनश्याम उपाध्याय र मन्त्रालयका सहसचिव अमृत लम्साल पनि सहभागी भए ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

आमा र नवजात शिशुको अधिकार सुनिश्चित गर्न नयाँ निर्देशिका जारी

युग संवाददाता
काठमाडौँ, २५ असोज ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आमा र नवजात शिशुको अधिकार सुनिश्चित गर्दै स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोग गर्न 'मातृशिशुमैत्री स्वास्थ्य संस्था कार्यक्रम सञ्चालन निर्देशिका, २०८३' जारी गरेको छ।

यसअघि 'स्वास्थ्य संस्थामा मातृशिशुमैत्री सेवा अभियान निर्देशिका, २०७३'का कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नयाँ निर्देशिका जारी गरिएको मन्त्रालयले प्रेस नोटमार्फत जानकारी दिएको छ।

नयाँ निर्देशिकाले सुत्केरी र नवजात शिशुका लागि स्वास्थ्य संस्थाले अनिवार्य रूपमा पालना गर्नुपर्ने १०/१० वटा मापदण्ड निर्धारण गरेको छ। अस्पताल तथा स्वास्थ्य संस्थामा मातृशिशुमैत्री सेवा सुनिश्चित गर्दै आमा र नवजात शिशुको स्वास्थ्य, अधिकार र आवश्यकताअनुसार सेवा प्रवाह गर्नु निर्देशिकाको मुख्य उद्देश्य छ।

निर्देशिका अनुसार प्रश्रवका क्रममा आमाले रोजेको परिवारको सदस्यलाई साथमा रहने व्यवस्था गर्नुपर्नेछ। त्यसले प्रश्रवका बेला आमाको मनोबल बढाउने र बच्चाको सुरक्षामा सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यस्तै, बच्चा जन्मिएपछि नवजात शिशुलाई आमाबाट अलग नराखी आमाकै बेडमा राख्ने र सकेसम्म छिटो स्तनपान गराउने व्यवस्थालाई प्राथमिकता दिइएको छ।

निर्देशिकाले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रीवितरण नियन्त्रण) ऐन २०४९ को प्रभावकारी कार्यान्वयनमा सहयोग गर्दै आमाको दूधको विकल्पका रूपमा प्रयोग हुने वस्तुको बिक्रीवितरण र प्रवरद्धनलाई नियमन गरी स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोग गर्नेछ।सुत्केरी र नवजात शिशु स्वास्थ्य संस्थाबाट 'डिस्चार्ज' भएर घर फर्किएपछि पनि उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिने, आवश्यक परामर्श तथा सहयोग उपलब्ध गराउने र सम्भावित समस्याको पहिचान गर्न स्वास्थ्य संस्थामा सम्पर्क व्यक्ति 'फोकल पर्सन' तोक्नुपर्ने व्यवस्था गरिएको छ।

निर्देशिकाले स्तनपानका लागि अनुकूल वातावरण निर्माण गर्ने र आमालाई आवश्यक सहयोग उपलब्ध गराउनेछ। त्यस्तै आमा र नवजात शिशुको स्वास्थ्य र सुरक्षालाई प्राथमिकतामा राखेर सेवाप्रवाह गर्नेमा जोड दिएको छ।

बैंक तथा वित्तिय संस्थामा थुप्रियो १२ खर्ब ६६ अर्ब

युग संवाददाता
काठमाडौं, २५ असोज ।

बैंक तथा वित्तीय संस्थामा १२ खर्ब ६६ अर्ब रुपैयाँ अधिक तरलता छ। वार्षिक २३ खर्ब रुपैयाँभन्दा बढी रेमिट्यान्स भित्रिरहेको छ। कर्जाको औसत ब्याजदरसमेत घटेर ६.५५ प्रतिशतमा झरेको छ। तर, पर्याप्त पूँजी र सस्तो ब्याजदर हुँदाहुँदै पनि उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार हुन सकेको छैन।

यसको असर उद्योग सञ्चालन, बजारको माग र रोजगारी सिर्जनामा परेको छ। नेपाल उद्योग वाणिज्य महासंघका अनुसार अर्थतन्त्रमा लगानीयोग्य पूँजीको उपलब्धता भए पनि त्यसलाई उत्पादन र व्यावसायिक गतिविधिमा परिचालन गर्न नसक्नु प्रमुख चुनौती बनेको छ।

बजारमा माग कमजोर हुनु, निजी क्षेत्रमा कर्जा प्रवाह अपेक्षाअनुसार नबढ्नु र नीतिगत तथा प्रशासनिक झन्झट कायम रहनुले आर्थिक गतिविधि सुस्त बनाएको महासंघको निष्कर्ष छ। उद्योगहरूको सञ्चालन अवस्थाले पनि अर्थतन्त्रको सुस्त गति देखाउँछ।

महासंघका अनुसार नेपालका उद्योगहरू औसतमा ४४.५ प्रतिशत क्षमतामा मात्रै सञ्चालन भइरहेका छन्। व्यावसायिक आत्मविश्वाससमेत पछिल्ला ३६ वर्षयताकै न्यून स्तरमा रहेको महासङ्घले जनाएको छ।

आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशतमा सीमित भएको छ। सरकारले सो अवधिमा सात प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको थियो। लक्ष्यअनुसार आर्थिक गतिविधि विस्तार हुन नसक्नुमा कमजोर माग, न्यून लगानी र उद्योग व्यवसायको सुस्ततालाई महत्वपूर्ण कारणका रूपमा हेरिएको छ। विश्व बैंकको सन् २०२६ को तथ्याङ्क उद्धृत गर्दै महासंघले नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहँदा दक्षिण एसियाको औसत वृद्धिदर ६.९ प्रतिशत, भारतको ७.१ प्रतिशत र चीनको ४.५ प्रतिशत रहेको उल्लेख गरेको छ। यसले नेपालको आर्थिक विस्तार छिमेकी तथा क्षेत्रीय अर्थतन्त्रको तुलनामा सुस्त रहेको देखाउँछ।

निक्षेप बढ्यो, कर्जा विस्तार लक्ष्यभन्दा झन्डै आधा

बैंक तथा वित्तीय संस्थामा निक्षेप बढे पनि त्यसअनुसार निजी क्षेत्रमा कर्जा विस्तार हुन सकेको छैन। आर्थिक वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाको निक्षेप १३.९ प्रतिशतले बढेको थियो। तर, निजी क्षेत्रतर्फको कर्जा प्रवाह ६.६ प्रतिशतले मात्रै वृद्धि भयो। नेपाल राष्ट्र बैंकले कर्जा विस्तारको लक्ष्य १२ प्रतिशत राखे को अवस्थामा वास्तविक वृद्धिदर लक्ष्यको तुलनामा निकै कम हो।

मूल्यवृद्धिको प्रभाव समायोजन गर्दा कर्जा विस्तार ३.४ प्रतिशतमा सीमित भएको छ। पर्याप्त तरलता र कर्जाको औसत ब्याजदर ६.५५ प्रतिशतमा झरेको अवस्थामा पनि निजी क्षेत्रमा कर्जाको माग बढ्न नसक्नुले बजारको कमजोर अवस्थालाई सङ्केत गर्ने महासंघको विश्लेषण छ।

कर्जा लिन सक्ने वातावरण र लगानी गर्ने व्यावसायिक आत्मविश्वासबीच तालमेल नहुँदा बैंकमा उपलब्ध रकम उत्पादन तथा रोजगारी सिर्जनामा अपेक्षित रूपमा परिचालित हुन नसकेको देखिन्छ। लगानी विस्तार नहुँदा नयाँ उद्योग स्थापना, उत्पादन क्षमता वृद्धि र रोजगारीका अवसर सिर्जनामा समेत अवरोध पुगिरहेको छ।

उपभोग कर्जामा वृद्धि, उद्योग र कृषिमा सुस्तता

कर्जा प्रवाहको क्षेत्रगत अवस्था हेर्दा उत्पादनमूलक क्षेत्रमा भन्दा उपभोगतर्फ कर्जाको विस्तार बढी देखिएको छ। महासंघका अनुसार गत आर्थिक वर्षको पहिलो नौ महिनामा उपभोग कर्जा ११.७ प्रतिशतले बढेको थियो। सोही अवधिमा औद्योगिक उत्पादन कर्जा ६.५ प्रतिशतले मात्रै वृद्धि हुँदा कृषि कर्जा भने २.३ प्रतिशतले घटेको थियो।

घुयँत्रो



लौखाउ ! यो रास्वपा भन्नेले नि के काम गर्छ ,गर्छ यार ! अपराधी भनेर मान्छे पक्राउ गरेर ल्याउँछ। अदातले छोडदिन्छ। आफ्ना मान्छे राजदुत बनाउँछु भनेर लाग्छ।ती मान्छे त अयोग्य मात्रै हुँदारैछन संसदिय समितिले अयोग्य घोषित गर्दिन्छ। पुरानाले रिसईवि साँध्न अयोग्य भनमभने सदनाँ दुईतिहाई छन त ! राजदुत छान्ने संसदिय समितियाँ नि सबै रास्वपाकै सांसद होलान! अनि विपक्षिलाई दोष लाउनानि कसरी लाउनु । नियुक्ति गर्ने मान्छे छान्नानि कस्ता मान्छे छानेछन कुन्नि ? सारा संसारै आफ्नो पक्षाँ हुँदानि त्यो मोरो राजदुत बनाउनि मान्छे नि गतिलो छान्न नसक्ने भनेछि जेनजीको टिमभित्रका को मान्छेले छान्याथे कसको सिफारिसाँ यो काम भाथ्यो ? भलै राजदुत बनाउने मान्छे, सल्लाकारले छान्या हुन कि बालेनले साउदि अरबका लागि सिफारिस भाका गिरिबहादुर सुनार र मलेसियाका लागि सिफारिस चुडामणि खरेललाई कल्ले छान्या हुन तर लाज त बालेनकै हुने भो निहैन र ? यता राजदुत छानविन संसदिय समितिले सरकारलाई चुनौति दिरा बेलाँ फेरि काँ पुलिसको हाकिमको खेदो खन्दै हिन्या माननीय खगेन्द्र सुनारको महिला हिंसा सम्बन्धी काण्ड सामाजिक सन्जालाँ छताछुल्ल भएछि बिचरा रास्वपा पाटिलाई नि यो घटना सम्हालि नसक्नु भा छ। आफ्ना माननीयको घटना नसम्हालम् भनेनि पाटिको बदना हुने , सम्हालम् भनेनि खगेन्द्र पाटिका लागि साह्रै घाँडो भाछन। कसरी सेफलेण्डिङ गर्ने हो बिचरा र रास्वपा सभापति बल्ल बल्ल प्रेस विज्ञप्ति जारी गरेर माननीयलाई निलम्बन गरेर छानबिन गर्ने भनेर कमिटि त गठन गरेर काम शुरु गर्न मात्रै के लाग्याथे फेरि आफ्नै (रास्वपाका) महिला सांसदहरु खगेन्द्र सुनारलाई बर्खास्त गरि पाउँ यल्ले महिलामाथि महिला हिंसा गर्यो। आज अरु महिलामाथि महिला हिंसा गर्या काण्ड बाहिर आयो भने भोलि आफ्नै सहकर्मी सांसदमाथि यस्तो घटना घटाउन्नन भन्ने के ग्यारेन्टी छ ? त्यसैले खगेन्द्र सुनारमाथि कारवाहि गरि पाउँ भनेर फेरि गोडातिनबिशेक भन्दा बढि रास्वपा महिला सांसदहरुले विज्ञप्ति जारी गरेछि फेरि त्यो महिलाहरको विज्ञप्ति नि भाईरल भै राछ ! हेरम यो खगेन्द्र काण्डले नि खगेन्द्र लाईमात्रै डुबाउने हो कि सिंगै रास्वपा पाटि र दुई तिहाइको सरकारसमेतलाईनि डुबाउने हो प्रतीक्षा त गर्ने पर्ने होला। किनभने बाँके ३ नंका जनता यति कडा रैछन कि रास्वपाका नेता खगेन्द्र सुनारजस्तो पटटटटट मकैका

फुला पडक्याभैं पडकेर भाषण र टेबुलटकको लागि जिउँदा नेतालाई आफ्नो प्रतिनिधि बनाउन पाएछि आफ्नो चुनाब क्षेत्राँ विकासनि त्यस्तै माननीयको बोलि बगेभैं बगेछि अब त्याँका जनतानि कोई दुखि गरिब नहुने भए। सबै लाउने खाने र समृद्ध हुने भएछि अरु के चाईयो र ? खगेन्द्र सुनार जस्तै २/४ वटा यसरिनै खबरदारी गरेर भष्टाचारीको सातो लिने खालका माननीय भए त देशले काँचुलिनै फेर्थ्यो होला ? तर क्यार्नु भित्रभित्रै आँफुले लुट्याँउने अनि बाहिर बाहिर चाईं ईमानदार र स्वाभिमानी देखाउने र देखाउन सक्ने बेलासम्म त ठिकै हो। तर अरुका विरुद्ध धेरै खेदो खन्नेले आफ्नानि कैलेकाईंका गल्तीलाई लेर अरुनि आफ्ना विरुद्ध खनिन थाले भने चाईं अल्लि गाह्रो हुँदो रैछ है। जुन हालत ऐले खगेन्द्र सुनारको भैराछ। हुनत खगेन्द्रको माननीय पद पाटिले लगेनि हिजका दिनाँ उनका हाताँ भाको जन्जिर कसैले लुटन सक्ने छैन। जन्जिर बाँधेर माईति घराँ बसेभने नि जिन्दगी गुजार्न के गाह्रो भो र ? माननीय भएनि काम त्यै खाने नै हो। जन्जिर बाँधेर माईति घराँ रमिता गरेर खाएनि खान्यै हो हैन र ? ऐले जेनजीका विरुद्ध को बोल्न सक्छ र ? उनरले त जे गरेनि भाईरल।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री चित्र बहादुर गुरूङ्ग धनि रहेको, दर्ता नम्बर ६४/२४६४/०७९/८० बाट गुर्भाकोट नं.पां. १२, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ठा कायम रहेको श्री गुरूङ्ग कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट उद्योग हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय कार्यालय समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्दा उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- खाद्य सङ्केत, सेरेलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ व्यतिरिक्त, कुहिएको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दुग्धजन्य तथा छिटो बिग्रिने खाद्यपदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

घरायसी सामानहरूका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्सर, ग्याँस चुल्हो, राइसकुकर, कराही, कोल बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मूल्यमा पाईन्छ ।


९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश ल्याङ्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

RARA Printing Pvt.Ltd.
पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing
Packaging Box Printing
Wedding Card Printing
Stamp
Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।